बैठक नं. ४३

आज मिति २०८१ साल कार्तिक २८ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका का.वा.नगरप्रमुख श्री शुभलक्ष्मी शाक्यज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | का.वा.अध्यक्ष, प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री हरेराम महर्जन | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री हरिराम बोगटी | |
| १३ | सदस्य | श्री पवित्रा विष्ट | |
| १४ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १५ | सदस्य | श्री राजिता गौतम महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १६ | सदस्य | श्री जमुना महर्जन | |
| १७ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १८ | सदस्य | श्री सुजाता सुनाम | |
| १९ | सचिव | श्री माधब प्रसाद ढकाल | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| २ | अधिकृत छैठौं | श्री अकिल अमात्य | |
| ३ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| | | | |

<u>प्रस्तावहरु</u>

१) योजना अनुमोदन सम्बन्धमा।

२) विविध ।

निर्णय नं. १

आर्थिक बर्ष २०८१/८२ को श्रावण महिना देखि आश्विन मसान्त सम्मको योजना तथा कार्यक्रम अनुगमन समितिबाट बैठकमा पेश हुन आएको २३ (तेईस) वटा योजनाहरूको अनुगमन प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी समितिबाट योग्यता सम्वन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म / कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | जलबिनायक ड्रिलिङ एण्ड कन्स्ट्रक्सन.प्रा.लि. | श्री सरला कार्की | ६ | कीर्तिपुर, चोभार | |

निर्णय नं. ३

यस नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ कार्यरत अस्पताल नर्सिङ निरीक्षक (छैठौं तह) मा कार्यरत श्री सुजिता श्रेष्ठले आफ्नो निजी प्रयासमा आफू कार्यरत सेवा, समूहका लागि उपयोगी वि.एन.एस. अध्ययनका लागि चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षामा भाग लिन पूर्व स्वीकृति लिई उतिर्ण हुन सफल भएकोले अध्ययन बिदा माग भएकोमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा (५९) को उपदफा (५) बमोजिम का.वा. नगर प्रमुख स्तरिय निर्णयबाट दिइएको स्वीकृतिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिका अन्तर्गत कृषि सेवा तर्फ कार्यरत बाली विकास अधिकृत (सातौं तह) मा कार्यरत श्री अदिति विष्टले आफ्नो निजी प्रयासमा आफू कार्यरत सेवा, समूहका लागि उपयोगी विद्यावारिधी अध्ययनका लागि पूर्व स्वीकृति माग भएकोमा पूर्व स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिका वा अन्तर्गत रहेका कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले तोकिएको कार्यालय पोशाक अनिवार्य रुपमा लगाउनु पर्ने र नियमित अनुगमनमा तोकिएको पोशाक लगाएको नपाइएमा निजले पाउने पोशाक भत्ता वापतको रकम दामासाहीले कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकाको दायित्व श्रृजना हुने गरी नगरपालिकाको नाममा जडान भएका विद्युत लाईनहरूको के कति? वक्यौता बाँकी रहेको छ विद्युत प्राधिकरणसँग विस्तृत विवरण माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकाबाट बोलपत्र/दरभाउ पत्र आह्वान गरी खरिद प्रकृयामा रहेको ढुङ्गाबाट बनेको बुद्ध मूर्ति यसै नगरपालिकाको ४ नं. वडा स्थित जगडोल डाँडामा स्थापना गर्ने र त्यसका लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।